नास्ट

# नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान (नास्ट)

## विद्यावारिधी शोधवृत्ति र छात्रवृत्ति, अनुसन्धान अनुदान, अनुसन्धानवृत्ति र विशेष प्रतिभा प्रवर्द्धन कार्यक्रमका लागि

# प्रस्ताव आव्हान

यस प्रज्ञा प्रतिष्ठानबाट प्रदान गरिने निम्न वृत्तिहरु र अनुदानका लागि योग्य नेपाली उम्मेदवारबाट प्रस्ताव आव्हान गरिएको छ ।

**१. विद्यावारिधी शोधवृत्ति (PhD Fellowship)**

नेपालको विश्वविद्यालयमा रही विद्यावारिधी गर्न नाम दर्ता गराएका वा दर्ताको प्रक्रियामा रहेका इच्छुक प्रतिभाशाली उम्मेदवारलाई बढीमा तीन वर्षसम्मको लागि यो शोधवृत्ति प्रदान गरिनेछ ।

**२. विद्यावारिधी छात्रवृत्ति (PhD Fellowship)**

प्रज्ञा प्रतिष्ठान-विश्वविद्यालय संयुक्त विद्यावारिधी कार्यक्रम अन्तरगत नास्टमा पूर्णकालीनरुपमा विद्यावारिधीका लागि अनुसन्धान गराइनेछ । शोधकर्ताको दर्ता प्रज्ञा प्रतिष्ठानसंग संझौता भएका विश्वविद्यालयमा हुनेछ । उक्त वृत्ति **वातावरण विज्ञान, भौतिकशास्त्र, जैविक प्रविधि, प्राकृतिक प्रकोप (भूकम्प), ऊर्जा व्यवस्थापन, जलवायु परिवर्तन, ट्रान्सपोर्ट इन्जिनियरिङ्ग र प्राकृतिक उत्पादन अनुसन्धान** सम्बन्धी बिषयलाई प्राथमिकता दिइनेछ । उमेर ३० वर्ष ननाघेको हुनु पर्नेछ ।

**३. अनुसन्धान अनुदान (Research Grant)**

यस अनुदानको लागि व्यक्तिगत, विभागीय वा संस्थागत निकायहरुबाट आवेदन दिन सकिनेछ । अनुसन्धान प्रस्ताव अधिकतम एक वर्षभित्र सम्पन्न हुने नतिजामुखी हुनु पर्नेछ । आवेदकको न्यूनतम योग्यताः PhD, MSc/ME गरेको हुनु पर्नेछ ।

**४. अनुसन्धानवृत्ति तथा सहायक अनुसन्धानवृत्ति (Fellowship and Assistantship**

**(क) Research Fellowship**

विद्यावारिधी गरेका युवा वैज्ञानिकहरुले पूर्णकालीनरुपमा नास्टमा रही एक वर्षका लागि अनुसन्धान गर्न प्रदान गरिने यस वृत्तिका लागि आफूले गर्ने अनुसन्धानको प्रस्ताव सहित आवेदन दिनु पर्नेछ । साथै प्रज्ञा-प्रतिष्ठान भन्दा बाहेक देश भित्र अन्यत्र अनुसन्धानशालाहरुमा रहि कार्य गर्नु पर्ने अनुसन्धानका लागि सम्बन्धित संस्थाको स्वीकृती-पत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।

**(ख) Assistant Research Fellowship**

भौतिक विज्ञान, वातावरण विज्ञान, वनस्पतिशास्त्र, प्राणीशास्त्र, जैविक स्रोत/प्रविधि, सौर्य ऊर्जा प्रविधि, नानो प्रविधि, जलवायु परिवर्तन, जैविक ऊर्जा, प्राकृतिक उत्पादन जस्ता अनुसन्धानमा गहिरो अभिरुची भएका स्नातकोत्तर (MSc) तह प्रथम श्रेणीमा उत्तीर्ण भई अनुसन्धानको अनुभव भएका युवा प्रतिभाहरुलाई पूर्णकालीनरुपमा प्रज्ञा-प्रतिष्ठानमा रही एक वर्षसम्म प्रदान गरिने यस वृत्तिका लागि दरखास्त आव्हान गरिन्छ ।

**(ग) Research Assistantship**

विज्ञानमा स्नातकोत्तर (MSc) भौतिकशास्त्र, रसायनशास्त्र, भूगर्भशास्त्र, वनस्पतिशास्त्र, प्राणीशास्त्र, जैविक प्रविधि, सूक्ष्मजीव विज्ञान, वातावरण विज्ञान (वायो इनर्जी), कृषि र इन्जिनियरिङ्गमा स्नातक (BE) (मेकानिकल र इलेक्ट्रिकल) तह उत्तीर्ण गरेका यस प्रज्ञा-प्रतिष्ठानको प्रयोगशालामा अनुसन्धानमा सहयोग गर्न ईच्छुकहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**५. विशेष प्रतिभा प्रवर्द्धन कार्यक्रम**

विज्ञान तथा प्रविधिको विकासमा आफ्नो क्षमता देखाई उल्लेखनीय उपलब्धी हासिल गर्न क्रियाशील प्रतिभावान् अन्वेषकहरु जो विज्ञान तथा प्रविधिको क्षेत्रमा औपचारिक शैक्षिक योग्यता हासिल नगरेका र औपचारिक शिक्षाबाट वञ्चित फरक क्षमता भएका व्यक्तिहरुको प्रतिभा प्रवर्द्धन गर्न सञ्चालित कार्यक्रमबाट लाभान्वित हुन प्रस्ताव आव्हान गरिन्छ ।

## अनुसन्धान प्रस्ताव फाराममा हुनु पर्ने विवरणः

**अनुसन्धान प्रस्ताव फारामको साथमा नागरिकता, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि, प्रकाशित कृति वा आविष्कारहरुको विवरण, आफ्नो क्षेत्रमा पुऱ्याएको योगदान तथा मूल्याङ्कनमा सघाउ पुग्न सक्ने सम्बन्धित अन्य विवरणहरु स्पष्ट उल्लेख भएको वैयक्तिक विवरण, अनुसन्धान प्रस्ताव र Abstract को एक/एक प्रति संलग्न हुनु पर्नेछ ।**

**सम्बन्धित कार्यालयका विभागीय प्रमुख, प्राध्यापक, संघ/संस्थान तथा सोसाइटीका वैज्ञानिक प्राविधिक तथा सो सरहका वैज्ञानिक तथा प्राविधिज्ञहरुको सिफारिस गराउनु पर्नेछ । यसरी सिफारिस गरी पठाउँदा एक अनुसन्धानकर्तालाई एक अनुसन्धान प्रस्तावका लागि मात्र सिफारिस गर्नु पर्नेछ ।**

**उपर्युक्त वृत्तिहरु बजेटको उपलब्धता अनुसार प्रदान गरिनेछ ।**

**आवेदन दिने अन्तिम मिति २०७३ चैत्र ११ गते भित्र (कार्यालय समय)**

**आवेदन फाराम नास्ट तथा नास्टको वेभसाइट www.nast.gov.np बाट प्राप्त गर्न सकिने छ ।**

**विस्तृत जानकारीको लागि**

**फोन नं. ५५४७७१७, ५५४७७१५, खुमलटार, ललितपुरमा सम्पर्क गर्न सकिनेछ ।**